# सुनसान बन्यो रामेछाप विमानस्थल

रामेछाप (कास)- दुई महिनाअघिसम्म यात्रुले खचाखच रामेछाप विमानस्थल यतिबेला सुनसान बनेको छ । सम्पूर्ण उडान र अवतरण ठप्प छन् । सगरमाथाको आधारशिविर जाने र फर्कने मुख्य सिजन सकिएपछि विमानस्थल सुनसान भएको हो । राति सात वटासम्म जहाज पार्किङ गरेर यात्रु ओसार्ने वायुसेवा कम्पनीले आफ्ना कर्मचारीसमेत फिर्ता लगेका छन् ।

तारा, सीता र समिट एयरले विमानस्थलबाट लुक्लाका लागि सेप्टेम्बर र अक्टोबरमा यात्रु ओसारेका थिए । त्यसबेला उक्त विमास्थलबाट ८७ वटासम्म उडान र अवतरण भएको रामेछाप नागरिक उड्डयन प्राधिकरणले जनाएको छ । कच्ची हुँदा सातामा एउटा उडान गर्दै आएको तारा एयरले विमानस्थल कालोपत्रे भएपछि काठमाडौंको उडान सञ्चालन गरेको छैन । अन्य विमान कम्पनी पनि मौका छोप्नमात्र रामेछाप आउने गरेको आरोप स्थानीयको छ ।

विमानस्थलमा टर्मिनललगायतका पूर्वाधार छन् । नेपाल आयल निगमले हवाई इन्धनको डिपो राखेको छ । मन्थली नगरपालिकाका प्रमुख रमेशकुमार बस्नेतले रामेछापबाट सातामा एक दिन भए पनि विमानस्थल सञ्चालन गर्नुपर्ने बताए । 'वर्षमा दुई महिना चलाएर अघिपछि बन्द गर्दा जिल्लावासी र राज्यलाई त्यसले फाइदा गरेको ठान्नु हुँदैन,' उनले भने, 'स्थायी रूपमा विमानस्थल सञ्चालन हुन सक्दा त्यस क्षेत्रमा होटल र अन्य व्यवसायमा लगानी गर्न सकिने वातावरण बन्छ ।'